# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रूकुम(पश्चिम)
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०९/२०

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)
चलानी नम्बर ...६८०५...

**विषयः सहभागी छनौट गरी पठाईदिने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु (सबै)
आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)।

प्रस्तुत विषयमा सिपमुलक व्यवसायिक तालिम सञ्चालन सम्बन्धमा प्रकाशित पन्ध्र दिने सुचना यसैसाथ संलग्न छ । संलग्न सुचना अनुसार सिपमुलक तालिममा सहभागी हुन इच्छुक व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र, यस अघि कुनै तालिम लिएको भए सोको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र (मालपोत, सम्पती कर तिरेको रसिद सहित) सहित वडाको सिफारिस संलग्न राखी पत्र प्राप्त भएको मितिले ७ (सात) दिनभित्र छनौट गरी यस कार्यालयमा सिफारिस उपलब्ध गराईदिनु हुन अनुरोध छ । तोकिएको अवधीभित्र सहभागी छनौट गरी नपठाईएमा नगरपालिकाले अर्को उपयुक्त सहभागी छनौट गरी तालिममा सहभागी गराउने व्यहोरा जानकारी गराईन्छ ।

**तालिम सम्बन्धी विवरण**

| क्र. स. | विवरण | सहभागीता को संख्या | अवधी | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला लक्षित सिलाई कटाई तथा बुनाई तालिम | ३० जना | ३ महिना | रु. ८,५०,०००।— (अक्षरेपीः आठ लाख पचास हजार मात्र) | प्रत्येक वडाबाट २ जनाको दरले |
| २ | आदिवासी जनजाति लक्षित हाउस वाइरिङ तालिम | १४ जना | २ महिना | रु. ३,००,०००।— (अक्षरेपीः तीन लाख मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |
| ३ | अपाङ्ग लक्षित सिलाई कटाई तालिम | १४ जना | ३ महिना | रु. ४,२०,०००।— (अक्षरेपीः चार लाख बीस हजार मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |
| ४ | दलित लक्षित हाउस वाइरिङ तालिम | १४ जना | २ महिना | रु. ४,२०,०००।— (अक्षरेपीः चार लाख बीस हजार मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम(पश्चिम )
कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/०९/२०

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर ……………

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७५/०९/२० गते)

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित सीपमुलक एवम् व्यवसायिक तालिम प्रदायकबाट खुला प्रतिस्पर्धाको आधारमा प्रस्ताव आह्वान गरी छनौट गर्नुपर्ने भएकाले सम्बन्धीत फर्म/कम्पनी/संस्था/समूह/सहकारी/क्लवहरुलाई रितपूर्वक तपसिलमा उल्लेख भएका शर्तहरुको आधारमा प्रस्ताव पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. सिपमूलक एवम् व्यवसायिक तालिमको विवरणः

| क. स. | विवरण | सहभागीता को संख्या | अवधी | लागत अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | महिला लक्षित सिलाई कटाई तथा बुनाई तालिम | ३० जना | ३ महिना | रु. ८,५०,०००।— (अक्षरेपीः आठ लाख पचास हजार मात्र) | प्रत्येक वडाबाट २ जनाको दरले |
| २ | आदिवासी जनजाति लक्षित हाउस वाइरिङ तालिम | १४ जना | २ महिना | रु. ३,००,०००।— (अक्षरेपीः तीन लाख मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |
| ३ | अपाङ्ग लक्षित सिलाई कटाई तालिम | १४ जना | ३ महिना | रु. ४,२०,०००।— (अक्षरेपीः चार लाख बीस हजार मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |
| ४ | दलित लक्षित हाउस वाइरिङ तालिम | १४ जना | २ महिना | रु. ४,२०,०००।— (अक्षरेपीः चार लाख बीस हजार मात्र) | प्रत्येक वडाबाट १/१ जनाको दरले |

२. प्रस्ताव पेश गर्दा आठविसकोट नगरपालिका तालिम व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ को अनुसूची १ को ढाँचामा कार्यक्रम कार्यान्वय सम्बन्धी प्रस्तावना पेश गर्नुपर्नेछ ।

३. प्रस्तावका साथ संस्था/समूह/फर्म/कम्पनी/सहकारी/क्लवहरुको दर्ता प्रमाणपत्र, सोको नवीकरण, आ.व. २०७४/०७५ सालसम्मको करचुक्ता प्रमाणपत्र यस नगरपालिकामा सूचीकृत भएको सूचीकृत प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन (आ.व. २०७४/०७५ सम्मको) स्वघोषणा सहितका कागजातहरु बुँदा नं. २ मा उल्लेखित प्रस्तावनाका साथ संलग्न राखी

नि.प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## कर्णाली प्रदेश नेपाल

सम्पर्क नं. ९७४१३८९९६१, ९७४८५८३१३८


मितिः २०७५/०९/२०

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर .................

रु. १०००।— (अक्षरेपी: एक हजार मात्र) बराबरको प्रस्ताव दर्ता शुल्क तिरी सोको भौचर समेत संलग्न गरी सिलबन्दी गरेर पेश गर्नुपर्नेछ ।

४. तालिम प्रदायक निकायले सम्बन्धीत तालिम सञ्चालन गरेको अनुभव भए सो समेत पेश गर्नुपर्नेछ। नगरपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेका संस्था/ समूह/ फर्म/कम्पनी/ सहकारी/ क्लव भए प्राथमिकता दिईनेछ ।

५. प्रस्ताव यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७५/१०/०४ गतेसम्म कार्यालय समयभित्र) भित्र पेश गरी सक्नुपर्नेछ ।म्याद नाघी प्राप्त भएका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

६. दर्ता भएका प्रस्तावहरु २०७५/१०/०६ गते दिउँसो ठीक २ बजे खोलिने छ ।

७. कुनै कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

८. यसमा लेखिएका बाहेकका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन ।

थप जानकारीका लागि यस नगरपालिकाको वेबसाईट www.aathbiskotmun.gov.np वा मोबाईल नं. ९८४१३८९९६१ र ९७४८५८३१३८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत